"दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री"

# चुमनुब्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सिर्दिबास, गोरखा

पत्र संख्या : २०८१/८२ गण्डकी प्रदेश ,नेपाल

## गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी पेश गर्ने सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति: २०८१।०८।२६**

चुमनुब्री गाउँपालिकाको भूगोल,जनजीवन,ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ गाउँपालिकाको लोगो निर्माण गर्न आवश्यक रहेकोले ईच्छुक व्यक्ति, फर्म वा संस्थाले तपशिलका शर्तहरू पालना गर्दै यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माण गरी यस कार्यालयमा पेश गर्नुहुन चुमनुब्री गाउँ कार्यपालिकाको मिति २०८१ मंसिर २३ गतेको निर्णयानुसार यो सुचना प्रकाशन गरीएको छ।

**तपशिलः**

१. लोगोमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरू : गाउँपालिकाको नाम, नेपालको झण्डा तथा आवश्यकता अनुसार गाउँपालिकाको नारा।

२. लोगोमा गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनुपर्दछ।

३. कुनै जातिय विभेद र साम्प्रदायिकतालाई प्रशय हुन खालको सांकेतिकरण प्रयोग गर्न पाईने छैन।

४. राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग गर्न पाईने छैन।

५. लोगोमा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या हुनुपर्नेछ।

६. पेश भएको डिजाईन कार्यपालिका बैठकबाट सुझाव बमोजिम परिमार्जन गरी डिजाईन स्विकृत गर्न सकिनेछ।

७. लोगो स्विकृत सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकालाई हुनेछ र स्विकृत लोगोको सर्वाधिकार गाउँपालिकामा निहित हुनेछ र डिजाईन कर्ताले उक्त लोगो अन्यत्र प्रयोग गर्न पाईने छैन।

८. लोगो अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनु पर्नेछ।

९. स्विकृत हुने डिजाईनकर्तालाई पुरस्कार स्वरूप रू ५०,०००।- (अक्षरूपी रू पचास हजार मात्र कर सहित) र सम्मानपत्र प्रदान गरिनेछ।

१०.प्रस्तावित लोगोको डिजाईन तोकिएको म्याद भित्र कार्यालयमा रंगिन प्रिन्ट हार्ड कपि वा ई-कपि गाउँपालिकाको ईमेल मार्फत पठाउन सकिनेछ।

११.लोगो कम्तिमा ३०० dpi Resolution भएको JPEG फरमेटमा हुनु पर्नेछ।

१२.लोगो डिजाईन कर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, प्यान कार्ड प्रतिलिपि सहित र संस्था भएमा संस्था सम्बन्धी कागजात र प्रस्ताव पेश गरेको पत्र सहित डिजाईन पेश गर्नु पर्नेछ।

१३.स्विकृत हुने वा थप परिमार्जन आवश्यक हुने डिजाईनकर्तालाई गाउँपालिकाले सूचना दिई सम्पर्क गर्नेछ।

१४.लोगो निर्माण गर्दा नेपाल सरकारको निशाना छापको मापदण्ड पालना गर्नु पर्नेछ।

०८१.०८.२६

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

Website: chumanuwrimun.gov.np Email: chumanuwrimun@gmail.com